सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ४ ✵ अंक : ३०२ ✵ २०७९ साल, साउन १७ गते मंगलबार, ✵ Tuesday 02 August, 2022 मूल्य रू. ५/- ✵ पृष्ठ : ४

## बारामा सबै भन्दा बढी जीतपुरसिमरा उपमहानगरपालिकामा बेरुजु



रामबाबु मेहता

जीतपुर, १६ साउन ।

बारा जिल्लामा दुई वटा उपमहानगरपालिका ,पाँच वटा नगरपालिका र ९ वटा गाउँपालिका गरी १६ वटा स्थानीय तह रहेकामा सबै भन्दा बढि बेरुजु जीतपुरसिमरा उपमहानगरपालिकाको देखिएको छ । जीतपुरसिमरा उपमहानगरपालिकाको बेरुजु रकम ५२ करोड ९५ लाख ९० हजार देखिएको छ । उपमहानगरपालिकाले प्रतिस्पर्धाबाट गर्नुपर्ने काम समेत उपभोक्ता समितीबाट गराएको महालेखापरीक्षकको कार्यालयको ५९ औँ प्रतिवेदनमा उल्लेख गरिएको छ । उ.महानगरपालिकाको कुल पुँजीगत खर्चको ७६ प्रतिशत उपभोक्ता समिती बनाई खर्च गरिएको छ। आर्थिक बर्ष २०७७।०७८ को लागि उपमहानगरपालिका भित्रका दुधौरा खोला पसाहा र बालगंगाको बोलपत्र न्युत्तम ७ करोड ६७ लाख ९४ हजारमा आहवान गरेकोमा सबैभन्दा बढी कबोल गर्ने जयमाता दी सप्लायर्सले रु १४ करोड ६७ लाख ७ हजार ९ सय ९१ रुपैयामा कबोल गरेकोमा बोलपत्र नसकारेका कारण दोस्रो बढी कबोल गर्ने बिनोद साह निर्माण सेवासँग १२ करोड ७६ लाख ७७ हजार ९ सय ९१ रुपैयामा सम्झौता गरेको थियो ।

पालिकाले १३ करोड ३९ लाख ९४ हजार असुल उपर गर्नुपर्ने देखाएको छ । त्यस्तै रु ७ करोड ५ लाख कारोबारको प्रमाण कागजात पेश गर्नुपर्ने देखिन्छ ।नियमित गर्नुपर्ने रु १ करोड २५ लाख २९ हजार देखिन्छ भने पेस्की बेरुजु रु २ करोड ३५ लाख १५ हजार देखिन्छ । आर्थिक बर्ष २०७६।०७७ मा रु ३६ करोड ९ लाख बेरुजु थियो । उपमहानगरपालिकाले २ करोड ९१ लाख ६७ हजार ५ सय ५८ रुपैया दरबन्दीबिनाको कर्मचारी नियुक्त गरेर खर्च गरेको छ । नवनिर्वाचित जनप्रतिनिधिहरूको लागि बेरुजू रकम

(बाँकी अन्तिम पेजमा)

## कलैयाको तरकारी बजार ब्यवस्थापन गराउन मेयर साहको निर्देशनात्मक सुझाव



कलैया, १६ साउन ।

बाराको सदरमुकाम कलैया उपमहानगर पालकिा स्थति बजारमा रहेको तरकारी बजार केही वर्ष देखि अब्यवस्थित भएकाले जतातत्तै फोहर हुने, दुकान माथि पलास्टीक र झाफरी लगाउने गरेकाले बजारमा अंध्यारो

(बाँकी अन्तिम पेजमा)

## बारा, पर्सामा ९५ प्रतिशत धान रोपाई सम्पन्न

कलैया, १६ साउन ।

धान उत्पादनको उर्ब जिल्लाको रुपमा रहेका बारा पर्सामा



जिल्लामा आज सम्म ९५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ। चालु आर्थिक बर्ष ०७९/८० मा चैते धान बाली रोपिएको र पानी जमेको जग्गा बाहेक ९५ प्रतिशत रोपाई योग्य क्षेत्रको रोपाई सम्पन्न भएको कृषि ज्ञान केन्द्र बारा पर्साले जनाएका छन् । बर्षे धान मध्ये भदैया र अगहनीगरी बारा जिल्लामा ४६ हजार हेक्टर क्षेत्रफलमा विभिन्न जातका धान रोपाई सम्पन्न भएको र अझै ५ प्रतिशत क्षेत्रफल धान रोप्न बाँकी रहेको कृषि ज्ञान केन्द्र बारा कलैयाका कार्यालय प्रमुख जितेन्द्र प्रसाद यादवले बताउनुभयो ।

बारामा यस बर्ष ११ हजार ९ सय ३१ हेक्टर क्षेत्रफलमा भदैया र ३४ हजार १ सय ६५ हेक्टर क्षेत्रफलमा अगहनी धान खेती गरिएको छ। धानको बिउ छर्ने बेलामा पर्याप्त पानी परे पनि रोपाइँको समयमा पानी नपर्दा यस वर्षको

(बाँकी अन्तिम पेजमा)

## बारामा असमाजिक तत्व द्धारा हिन्दूहरुको धार्मिक स्थल बौद्धिमाई मन्दीरमा तोडफोड



कलैया, १६ साउन ।

गएराती बाराको फेटा गाउँपालिकामा प्रसिद्ध बौद्धिमाई मन्दीरमा तोडफोड गरिएको छ । गाउँपालिकाको वडा नम्बर ३ स्थित फेटा टोलमा रहेको हिन्दूहरुको आस्थाको केन्द्रको रुपमा रहेको ऐतिहासिक धार्मिक स्थल श्री बौद्धिमाई मन्दीर असमाजिक तत्वहरुले तोडफोड गरी समाजमा अशान्ति मचाउँने प्रयास गरेका छन । मन्दीर परिसरमा रहेको कल (धारा)को मुडा फुटाईएको छ । रगतको समेत ठाउँ ठाउँमा छिटा परेको छ ।

अज्ञात समुहमा आएका असमाजिक तत्वहरुले मन्दीरको मुख्य प्रवेश द्धारमा मै रहेको बाघको मुर्तीमा तोडफोड गरेका छन। उनीहरुले मन्दीर प्राङगणलाई ईट्टाले प्रहार गरी भूईमा ओच्छ्याएको मार्बल, टालीमा तोडफोड गरेका छन। घटनाको दृष्य हेर्दा बौद्धिमाई माताको मुर्ती समेत तोडने प्रयास गरेको स्थानियले बताउँछन । माताको मुख्यमन्दीरको गेटमा ढुङगामुडा प्रयास भएको छ तर गेट बन्द रहेका कारण त्यसमा क्षति हुन सकेको छैन । यो दुस्हासस कस्ले र किन गरेको हो भन्ने कुरा अहिले सम्म खुल्न सकेको छैन । स्थानियले दोषीलाई यथाशिघ्र पत्ता लगाई कारवाहीको माँग समेत गरेका छन ।

समाजिक दंगा फैलाउँने उदेश्यले यो घटना घटाएको हुन सक्ने स्थानियले आशंका समेत गरेका छन ।

(बाँकी अन्तिम पेजमा)

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

## एकैदिन ८९५ जनामा कोरोना संक्रमण, १ जनाको मृत्यु

काठमाण्डौ, १६ साउन ।

पछिल्लो २४ घण्टामा ८९५ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ५ हजार ९०९ परीक्षणमा ८९५ जनामा संक्रमण पुष्टि भएको हो । ३ हजार ६५८ पीसीआर परीक्षणमा ६३२ जना र २ हजार २२४ एन्टिजेन परीक्षणमा २६३ जनामा संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा २६४ जना संक्रमणमुक्त भएका छन् । मन्त्रालयका अनुसार कोरोना संक्रमणका कारण पछिल्लो



२४ घण्टामा १ जनाको मृत्यु भएको छ । हाल देशभर कोरोना भाइरसको सक्रिय संक्रमितको संख्या चार हजार

(बाँकी अन्तिम पेजमा)

| | | |
|---|---|---|
| प्रकाशक | : | रामबाबु प्रसाद मेहता |
| प्रधान सम्पादक | : | अजय कुमार |
| सम्पादक | : | सरोज कुमार सिंह |
| समाचार सम्पादक | : | तिवारी यादव |
| प्रबन्धक | : | मुकेश कुमार महतो |
| कानुनी सल्लाहकारः | | परमहंस केशरी |
| अधिवक्ता | : | राजेन्द्र कुशवाहा |
| मुद्रक | : | बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा |
| ईमेल | : | subhamsandeshdaily@gmail.com |
| सम्पर्क नम्बर | : | ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५२१४९७ |
| प्रधान कार्यालय | : | सिम्रौनगढ नपा ६, बारा |
| सम्पर्क कार्यालय | : | कलैया उमनपा १ (मोतिवाग), बारा |

# नागरिकता विधेयकको भ्रम र यथार्थ

काठमाण्डौ, १६ साउन ।

रामनारायण विडारी / रातोपाटी

नेपालमा हरेक पटक संविधान जारी हुँदा नागरिकताको विषयमा पनि विवाद हुनेगरेको देखिन्छ । विसं २०४७, २०६३, २०७२ मा जारी हुँदा पनि यो विवाद भइरहेको देख्न सकिन्छ । हरेक पटक नागरिकता दिने व्यवस्थामा खुकुलो पार्ने काम भएको सबैले महसुस गरेका छन् ।

नेपाल भूपरिवेष्ठित, सानो भूभाग र थोरै जनसंख्या भएको देश हो । छिमेकमा तीनतिर भारत र एकातिर चीन छ । दुवै देश संसारको धेरै जनसंख्या भएका पहिलो र दोस्रो देश हुन् । भूभागका हिसाबले पनि यी देश संसारका ठूलामा दोस्रो र तेस्रोमा पर्दछन् । नेपाल र भारतका सिमानामा पाँच सय किलो मिटरभन्दा बढी लम्बाइ र तीनतिर पूर्व, पश्चिम र दक्षिण भाग पूरै खुला छ । उत्तरतर्फ भने चीनसँग बन्द सिमाना छ ।

चीनसँग लामो र पुरानो वैवाहिक सम्बन्ध देखिन्छ । आजकल घट्दो क्रममा छ । भारतसँग नेपालको सांस्कृतिक, धार्मिक, पारिवारिक सम्बन्ध पनि प्रशस्त छन् । एकातिर पारिवारिक सम्बन्ध छ भने अर्कोतर्फ खुला सीमाना पनि छ । साथसाथै भारतको जनसंख्या करिब एक सय तीस करोड, नेपालको जनसंख्या करिब तीन करोडभन्दा कम छ। भूभाग पनि नेपालभन्दा करिब पचपन्न गुणा बढी छ ।

यस्तो भौगोलिक स्थिति, यस्तो राजनीतिक सीमा संसारका कमै मुलुकमा पाइन्छ । संसारमा कतै देश खुला सिमानाका छन् तर तिनीहरूको यति धेरै फरक हुने गरी भूभाग र जनसंख्या छैनन् । त्यसैले सबै समस्या समाधान गर्न नेपाल भारत सिमानामा काँडे तारजाली लगाऔँ र राति करेन्ट पनि छोडौं, दिनभरि करेन्ट रोकौं भनेर संसदमा विशेष समय लिएर बोलियो । यदि यसो गर्ने हो भने सुरक्षा मजबुत गर्न, तस्करी रोक्न अपराध नियन्त्रणमा समेत बल पुग्छ । गैरनागरिकको बाढी पनि रोकिन्छ ।

तसर्थ हाम्रो जस्तो मुलुकमा नागरिकता कानुन राष्ट्रियता जोगाउन बढो संवेदनशील भएर होसियारीपूर्वक बनाउनु वाञ्छनीय छ । त्यसैले नागरिकता विधेयक आउनासाथ सबैको चासो हुनु स्वाभाविक छ । हामीले नागरिकता विधेयक ल्याउँदा होस् गरेर सबै नेपालीले सजिलोसँग नागरिकता पाउन सकुन र विदेशीले कुनै पनि बहानामा नागरिकता पाउन नसकोस् भन्ने दृष्टिकोण राखेर बनाउनुपर्छ । यसलाई राजनीतिक स्वार्थको खेल बनाउनु हुँदैन ।

२०४७ सालमा बहुदलीय व्यवस्थाको संविधान जारी गर्दाको अवस्थामा नै तराईको समस्या समाधान गर्न भनेर नागरिकता ऐन, २०२० बमोजिम अङ्गीकृत नागरिकता प्राप्त गरेकाहरूलाई नागरिक सरह नै मानेको थियो। २०४६ चैत मसान्तसम्म नेपालमा जन्म भएकाहरू नेपालमा नै स्थायी बसोबास गरिआएकालाई जन्मसिद्ध नागरिकता दिनेगरी संविधानमा व्यवस्था गरियो । यो कामका निम्ति निवेदन दिन दुई वर्षको समय दिइयो । यसरी नेपालमा वंशज र जन्मसिद्ध नागरिकताको प्रारम्भ भयो । यहीबेलादेखि नै नागरिकताको भाँडभैलो भयो ।

अर्को नागरिकता ऐन, २०२० को दफा ६ (२) ले नेपालीसँग विवाह गरेर नेपालमा आएकी महिलाले नेपालको नागरिकता लिन सक्ने व्यवस्था गरियो । २०४७ को संविधानले पनि नेपाली नागरिकले वंशजको नागरिकता पाउने व्यवस्था गरियो। यसमा नागरिक भनेको वंशज मात्र हो भन्ने कुरा नगरी अङ्गीकृतलाई पनि जनाउने अर्थ लगाइयो । यो प्रावधान २०४७ को संविधानले ल्यायो । कुनै नाबालकको बाबु फेला नपरेमा पनि ऊ नेपालको वंशज नागरिक हुने व्यवस्था गरियो। जन्मसिद्ध र वंशज साथै अङ्गीकृत नागरिक हुनेभयो ।

यसैगरी २०६३ सालमा नेपालको अन्तरिम संविधान जारी भयो । यसमा पनि २०४६ साल चैत मसान्तसम्म नेपालमा जन्मेको, नेपालमा बसोबास गरिरहेकालाई जन्मसिद्ध नागरिकता दिने व्यवस्था गरियो । जसनुसार संविधान सभाको चुनावअगाडि नागरिकता लिन सक्ने वा विशेष कारण परेमा दुई वर्षसम्म लिन सक्ने गरी नागरिकता ऐन, २०६३ जारी गरियो । जसमा विदेशी महिलाले नेपालीसँग विवाह गरेमा पनि अङ्गीकृत नागरिकता दिने व्यवस्था कायमै गरियो । विदेशी पुरुषसँग विवाह गरी जन्मेका सन्तान नेपाल बसेमा ती व्यक्ति पनि अङ्गीकृत नागरिक बन्न सक्ने व्यवस्थासमेत गरियो ।

यसरी नागरिकता दिने विषयमा २०४७ र २०६३ का संविधान र २०२० र २०६३ का नागरिकता ऐनले विदेशी बुहारी र विदेशी भान्जाभान्जी साथै बाबु आमा ठेगान नभएका बालकलाई पनि नेपालको नागरिकता दिने व्यवस्था गरिएको छ । बाबु पत्ता नलागेको नेपाली महिलाले जन्माएको बच्चाको पनि नेपाली नागरिक हुने व्यवस्था गरिएको छ ।

यी सबै व्यवस्था पहिला नै भएकोमा अहिले नेपालको संविधानले ती सबै कुरालाई निरन्तरता दिए पनि विदेशी ज्वाइँबारेमा संविधान मौन छ । यसमा केही नागरिक असन्तुष्ट देखिन्छन् । बुहारीलाई जस्तै ज्वाइँलाई पनि नागरिकता दिनुपर्ने भनी समानताको व्याख्या भइरहेको छ । नागरिकता बारेमा विभिन्न देशमा विभिन्न व्यवस्था छ । भारतमा पनि विदेशी बुहारीलाई नागरिकताको निवेदन दिन पनि सात वर्षपछि तोकिएको छ। ज्वाइँबारेमा मौन छ।

यो पटकको (२०७९) नागरिकता विधेयक संशोधनमा संविधानले तोकेको तर कानुन बनाउन बाँकी रहेको जम्मा दुई नयाँ कुरा व्यवस्था गरिएको छ। सकेको भए त पुराना माथि उल्लेख गरिएका नागरिकताका कमजोरी सबै समाप्त पार्न पाएको भए हुन्थ्यो । तर हाल पनि पुराना २०४७ सालका संसदीय राजनीतिक दलको नै हालीमुहाली कायम भएकाले सक्ने अवस्था थिएन र छैन । नयाँ कुरामध्ये पहिलो २०७२ आश्विन ३ गतेभन्दा अगाडि जन्मको आधारमा आमा र बाबु दुवै जना नेपालको नागरिक भएका व्यक्तिको सन्तानलाई सोह वर्ष उमेर पुगेपछि वंशजको नागरिकता दिने ।

दोस्रो गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार उपभोग गर्न पाउने यसमा राजनीतिक अधिकार समावेश छैन । यी दुई कुरा यो विधेयकमा छ। अरू हल्ला चलाइएका कुरा भने २०२० को ऐन साथै २०४७ र २०६३ को संविधान एवं ऐनका कुरा नै हुन् ।

तसर्थ यो विधेयकको विरोध हैन । साविकदेखि चलिआएको विधेयकमा भएका प्रावधानहरू संशोधन गरौं भन्नुपर्ने हो । यो संशोधन गर्न केपी ओलीको प्रधानमन्त्रित्वकालमा सम्भव थियो किनकि नेकपा बहुमतमा थियो तर उहाँले यस्तो विषय हालेर विधेयक ल्याउनुभएन । तर संसद्मा तत्कालीन राज्य व्यवस्था समितिले विदेशी बुहारीका लागि सात वर्षपछि मात्र नागरिकता दिन सकिने व्यवस्था पारित गरिदिएको थियो। तत्कालीन प्रधानमन्त्री केपी ओलीले सो विधेयक संसदमा लानका निम्ति व्यवधान खडा गरी संसद् भङ्ग गरी समितिले पारित गरेको विदेशी बुहारीलाई सात वर्षपछि मात्र नागरिकता दिने व्यवस्था हटाई नागरिकता अध्यादेश ल्याउनुभयो। जसमा साबिकको ऐन २०६३ अनुसारको व्यवस्था तत्काल विदेशी बुहारीलाई नागरिकता दिने कायम नै राखियो। सो अध्यादेशको हुबहु प्रावधान नै अहिलेको प्रधानमन्त्री शेरबहादुर देउवाले विधेयकको रूपमा संसदमा पेस गर्नुभएको हो

। यसको अर्थ केपी ओली र शेरबहादुर दुवै जना विदेशी बुहारीलाई तुरुन्त नागरिकता दिने कुरामा उस्तै देखिनुभएको छ । यसमा माओवादीको मत फरक थियो। ऊ सात वर्षपछि मात्र सबै हेरेर विदेशी बुहारीलाई नागरिकता प्रदान गर्ने कुरा गर्दथ्यो । अहिलेको विधेयकमा यो कुरा राख्न आवश्यक नै छैन किनकि यो प्रावधान त २०६३ र २०४७ को संविधान र २०२० को साथै २०६३ को ऐनले नै गरिसकेको छ। तर जनमानसमा यो कुरा बल्ल यो विधेयकमा राखियो भन्ने भ्रम पारिएको छ । यो विधेयकले गर्दै नगरेको कुरा गरियो भनिएको छ। २०६३ र २०४७ का कानुन र संविधानले गरेको कुरा अहिले आएर बल्ल गरियो भनेर हल्ला गर्नु बेइमानी हो ।

गर्नुपर्ने के थियो ?

वंशज र जन्मसिद्ध नागरिकता बारेमा केही अवधिका लागि छुट्टै व्यवस्था हुनुपर्थ्यो । जस्तो अङ्गीकृत र वंशजमा फरक छ। यसैगरी विदेशी बुहारीलाई कम्तीमा सात वर्ष राजनीतिक अधिकारबाहेक अरू अधिकार दिनेगरी प्रमाणपत्र दिनुपर्ने थियो र सात वर्षपछि उपयुक्तता र माग बमोजिम अङ्गीकृत नागरिकता दिएर जानु ठीक हो। जहाँसम्म ज्वाइँलाई पनि समान व्यवहार बुहारीको जस्तै गरिनुपर्ने भन्ने भनाइलाई संविधानमा नै संशोधन गरेर मात्र गर्दा संवैधानिक हुने हो । अहिले गर्न सकिने भएन । भान्जाभान्जीको हकमा विदेशी नागरिकता नलिएको, जन्मेदेखि नेपालमा नै बसोबास गरेको भए अङ्गीकृत नागरिकता दिन मिल्छ तर ऊ विदेशी नागरिक भएमा स्वतः नेपालको नागरिकता समाप्त हुन्छ । विदेशी नागरिकले नेपाली नागरिकता लिएको कुरा मसिनुसँग छानबिन गर्नुपर्ने अनिवार्य व्यवस्था आवश्यक छ । यसरी नागरिकता विधेयक नयाँ बनाउनु वाञ्छनीय छ। यसका लागि संसदमा सजिलो बहुमत चाहिन्छ । (साभार-रातोपाटी)

# सुशासनमा कमजोर नेतृत्व

शिवराम न्यौपाने ——

*सार्वजनिक सेवा प्रवाहलाई सहज र गुणस्तरीय गराई सुशासनलाई व्यवहारमा अनुभूतियोग्य गराउने कार्य चुनौतीपूर्ण छ ।*

मुलुकमा सुशासन कायम गराउने कार्यलाई हरेक सरकारले आफ्नो मुख्य जिम्मेवारीका रूपमा लिएको हुन्छ । सुशासन सुदृढ हुन सकेको अवस्थामा मात्र सरकारले आफ्नो गन्तव्य हासिल गर्न सम्भव हुने हुन्छ । नारा र आवरणले मात्र सुशासन प्राप्त हुन नसक्ने भएकाले सरकारका लागि यो सधैं चुनौतीको विषय भइरहेको हुन्छ । सरकारको सक्षम नेतृत्वमा राज्यका अन्य अंगबाट हुने इमान्दार सहकार्यले मात्र यसमा सफलता हासिल हुन सक्ने हुन्छ । यस कार्यमा सरकारको मुख्य कार्यकारिणी प्रशासनिक संयन्त्र अझ बढी सक्षम, जिम्मेवार र अग्रसर हुनु आवश्यक हुन्छ ।

इमान्दार र स्वच्छ राजनीतिक नेतृत्वमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी बनाउनु पर्छ । यसो हुन सक्यो भने सुशासनको आधार मजबुत हुन सक्छ । यसका लागि सरकारमा रहने राजनीतिक नेतृत्वको निरन्तर जिम्मेवारपूर्ण अग्रसरता आवश्यक हुन्छ । सरकारी वा गैरसरकारी क्षेत्रबाट हुने सार्वजनिक कार्यको अन्तिम उत्तरदायी सार्वजनिक पदमा रहने राजनीतिक नेतृत्व नै हो । तर पनि राजनीतिक नेतृत्वको कमजोर भूमिकाका कारण मुलुकमा सुशासन मजबुत हुन नसकेको आकलन गरिएको छ। यस सन्दर्भमा मुलुकमा सुशासनको सुदृढीकरणका लागि राजनीतिक नेतृत्व सचेत, जिम्मेवार र अग्रसर हुनु जरुरी छ ।

मुलुकमा सुशासन सुदृढ गर्ने उद्देश्यले प्रशासनिक संयन्त्रलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउनु उचित हुन्छ । यसरी राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न सकिन्छ । सुशासनको प्रत्याभूति गर्ने राज्यको नीति कार्यान्वयनमा आएको छ । यसका लागि सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाउनु आजको आवश्यकता पनि हो ।

प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनजस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरिनु पर्छ । सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सिर्जना गर्नु पर्छ । सुशासन पाउने नागरिकको अधिकारलाई कार्यान्वयनमा ल्याउन प्रशासन संयन्त्रलाई सक्षम र सेवामुखी गराई सुशासनको प्रत्याभूति गराउन जरुरी छ ।

किन सफल भएन सुशासनका प्रयास राजनीतिक नेतृत्वले सुशासनको सवाललाई नारा र आवरणमा सीमित गरेको महसुस गरिएको छ । शासन प्रणालीमा आबद्ध भएको राजनीतिक नेतृत्व वा शासन प्रणालीभन्दा बाहिर रहेको राजनीतिक नेतृत्वले यस कार्यलाई इमानदारपूर्वक व्यवहारमा प्रभावकारी गराउन सकेको छैन । शासनमा राजनीतिक इमान्दारिता र नैतिक अनुशासनको कमीका कारण सुशासनका लागि कार्यान्वयनमा ल्याइएका नीतिगत एवं अन्य प्रशासनिक प्रयासहरू व्यवहारमा प्रभावकारी हुन नसकेको हो । गुटगत र व्यक्तिगत फाइदाका लागि राजनीतिभित्र हुने गरेको फोहोरी खेलका कारण राम्रा र अनुसरणयोग्य प्रयासहरूले निरन्तरता पाउन सकेका छैनन् । राम्रा कर्मचारी र राम्रा कार्यक्रमभन्दा हाम्रा कर्मचारी र हाम्रा कार्यक्रमको मानसिकताले समग्र सुशासनका योजना, नीति र कार्यक्रमहरू लथालिंग भएका छन् ।

राजनीतिमा देखिएको विश्वासघात, अन्तरघात र बेइमानीले शासनका अवयवहरू स्वाभाविक रूपमा नकारात्मक दिशातर्फ उन्मुख छन् । यसले सरकारको नीति, योजना, कार्यक्रम र निर्णयको कार्यान्वयनको जिम्मामा रहेको समग्र प्रशासनिक संयन्त्रसमेत अन्योल र अलमलमा काम गर्नै नसक्ने गरी निष्क्रिय हुँदै गएको छ । शासनको जिम्मेवारीमा रहेका पदाधिकारीहरू आपसी समन्वय र सहकार्यमा भन्दा एकअर्कालाई दोष देखाई उम्कने प्रवृत्तिमा छन् । कर्मचारीहरू काम गर्ने वातावरण नभएको भनी मन्त्रीलाई दोष दिएर जिम्मेवारीबाट पन्छिने र मन्त्रीहरू कर्मचारीको दोष देखाएर जवाफदेही नहुने प्रवृत्ति बढ्दै गएको छ । राज्य संयन्त्रले काम गर्न नसक्दा यसको जिम्मेवारी लिने र सुधार गर्ने कार्यमा राजनीति एवं कर्मचारी दुईटै संयन्त्र अग्रसर हुन सकेका छैनन् । यसले गर्दा राज्यका सबै संयन्त्र सुशासन कायम गर्ने गराउने कार्यमा कमजोर हुँदै गएको महसुस गरिएको छ ।

जिम्मेवारीमा रहेका नेतृत्व तहका पदाधिकारीहरूले निहित स्वार्थका लागि बिचौलिया, दलाल, पेसाका नाममा ठग्न पल्लेका समूहसँग साँठगाँठ गर्दा शासन प्रक्रियामै यस्ता व्यक्ति/समूह हावी हुँदै गएका छन् । मिलेमतोमा राज्यको स्रोतसाधनमाथि अनधिकृत व्यक्तिको अतिक्रमण हुँदै गएको महसुस भएको छ। यस्ता प्रमुख समस्याहरूका कारण मुलुकमा सुशासन कायम गर्ने कार्यमा सफलता हासिल हुन सकेको छैन ।

**सुशासनमा देखिएका समस्याहरू**

मुलुकमा सुशासन कायम गराउन राजनीतिक कुशल नेतृत्वका साथै

*(बाँकी तेश्रो पेजमा)*

# तरकारी खेतीले बदलिएका गाउँ, रोजगारीका लागि भारत तथा खाडी मुलुक जाने क्रम घट्यो

काठमाण्डौ, १६ साउन ।

सुर्खेत । भेरीगंगा नगरपालिका-४ ठुलो हर्रेका दलबहादुर खड्का ०६२ साल यता तरकारी खेतीमा संलग्न छन्। सुरुका केही वर्ष आफ्नो गर्जो टार्नमात्रै तरकारी खेती गरेका उनले बिस्तारै लगानी बढाउँदै गए । ५ वर्ष अघिदेखि उनले व्यावसायिक तरकारी खेती गर्दै आएका छन् । ४ रोपनी जग्गामा विभिन्न तरकारी खेती गरेका उनी अहिले यसबाटै प्रशस्त कमाउन थालेका छन् । उनी भन्छन्, 'बर्खे सिजनमा मात्रै तरकारीबाट झण्डै चार लाख जति आम्दानी हुन्छ । ५ जना परिवार यसैबाट पालिरहेको छु, धेरथोर बचत पनि भइरहेको छ ।' सोही ठाउँकी सुशीला ओली झण्डै १६ रोपनी जग्गामा खेती गर्छिन् । त्यसमध्ये ८ रोपनीमा उनी बमौसमी तरकारी फलाउँछिन् । तरकारीबाटै उनले तीन छोरी र एक छोरालाई पढाइरहेकी छन् । चार छोराछोरीमध्ये माइली



छोरीबाहेक तीन जना काठमाडौँमै बस्छन् । उनीहरूलाई मासिक ५० हजार जति खर्च पठाउनुपर्ने उनले बताइन् । 'त्यो खर्च यहीँ फलाएको तरकारीबाट टारिएको छ,' उनले भनिन् ।

उनका श्रीमान् मानबहादुर ओली कुनै समय वैदेशिक रोजगारीमा गएका थिए । तर उता राम्रो कमाई नभएपछि दुई वर्षमै उनी फर्किए । घर आएपछि दुवै जना मिलेर व्यावसायिक तरकारी खेती गर्न थाले । मानबहादुर भन्छन्, 'म अहिले तरकारी उत्पादन पनि गर्छु र बजारीकरण पनि आफैं गर्छु ।' उनी आफूसहित केही अन्य कृषकको तरकारी सङ्कलन गरेर वीरेन्द्रनगरको मण्डीमा पुऱ्याउँछन् । मानबहादुरका अनुसार तरकारीबाट मात्रै वार्षिक ८-९ लाखसम्म आम्दानी हुन्छ । तरकारी खेतीका अलावा उनले बाख्रा पालनबाट पनि प्रशस्त आम्दानी गरिरहेका छन् । वार्षिक ३-४ लाख रुपैयाँ त उनको बाख्रापालनबाटै हुन्छ । उनी त्यो गाउँका अगुवा कृषक पनि हुन् । उनले आफ्नै पवित्र कृषि पशुपन्छी फर्मसमेत चलाएका छन् । यी त केही प्रतिनिधि पात्र मात्रै हुन्, २०० घरधुरी रहेको हर्रे गाउँका १८२ जना कृषक व्यावसायिक तरकारी खेतीबाट आत्मनिर्भर बनिरहेका छन् । सानो हर्रे, ठुलो हर्रे, फुलबारी टोल, अम्लिसे, बाइसकाटे लगायतका सात वटा कृषि समूह छन् । उसो त यहाँका कृषक विगत १५ वर्ष यता व्यावसायिक कृषि खेतीमा संलग्न थिए । यद्यपि, अहिले पकेट क्षेत्र कार्यक्रममा आबद्ध भएका छन् । हर्रेलाई कृषि विकास निर्देशनालयले ०७७-०७८ देखि तरकारी बाली पकेट क्षेत्र घोषणा गरेको छ ।

सोही कार्यक्रम अन्तर्गत निर्देशनालयले गत वर्ष ७ वटा समूहलाई ७ वटै मिनीट्रेलर, सात वटा स्प्रे ट्याङ्की,

*(बाँकी तेश्रो पेजमा)*

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश DAILY दैनिक



# सरकारी छात्रवृत्तिमा पाकिस्तान पढ्न जाने विद्यार्थी धेरै

काठमाण्डौ, १६ साउन ।

पछिल्लो ५ वर्षमा सरकारी छात्रवृत्तिमा अध्ययन गर्न विदेश जाने विद्यार्थीमध्ये सबैभन्दा धेरै पाकिस्तान गएको पाइएको छ । विभिन्न देशले नेपाल सरकारमार्फत नेपाली विद्यार्थीलाई स्नातकदेखि अनुसन्धान तहसम्म छात्रवृत्ति दिँदै आएको छ । त्यसका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आवेदन माग गरेर योग्यता पुगेका विद्यार्थी छनोट गरी सिफारिस दिने गरेको छ। मन्त्रालयको छात्रवृत्ति शाखाका अनुसार नेपालबाट पाकिस्तानका साथै चीन, इजिप्ट, थाइल्याण्ड, श्रीलंका र रुसमा विद्यार्थीहरु गएका छन् ।



पाकिस्तानमा ६३ जना नेपाली विद्यार्थी छात्रवृत्तिमा एमबीबीएस पढ्न गएका छन्। २०७४ मा १० जना, २०७५ मा १० जना, २०७६ मा ९ जना, २०७७ मा १० जना र २०७८ मा १० जना पाकिस्तान गएका हुन्। बी फार्ममा २०७४ मा ३ जना, २०७८ मा १ जना, इन्जिनियरिङतर्फ २०७४ मा १ जना, २०७५ मा ५ जना र २०७६ मा ३ जना पाकिस्तान गएका छन्। त्यस्तै बीडीएसतर्फ २०७४ मा १ जना, २०७५ मा १ जना छात्रवृत्तिमा पाकिस्तान गएका छन् ।

पाकिस्तानपछि छात्रवृत्तिमा चीन जाने विद्यार्थीको संख्या धेरै छ । इन्जिनियरिङ पढ्न २०७४ सालमा २१ जना, २०७५ सालमा २१ जना चीन गएका छन् । २०७६ सालमा १९ जनाले छात्रवृत्तिमा चीन जान सिफारिस लिएका छन् तर कोभिड–१९ महामारीका कारण उनीहरु नेपालमै बसेर अनलाइन कक्षामा सहभागी भएको जानकारी आएको शाखाका उपसचिव हरि खनालले बताए । २०७८ सालमा ३२ जनाले चीनमा छात्रवृत्तिमा पढ्न जाने सिफारिस लिएको तर अहिलेसम्म जाने नजाने निश्चित नभएको शाखाले बताएको छ ।

चीनमा २०७४ मा २ जना, २०७५ सालमा ४ जना अनुसन्धान तहमा अध्ययन गर्न गएका छन्। २०७६ सालमा ५ जनाले र २०७८ मा ३ जनाले सिफारिस लिएपनि गएको वा नभएको जानकारी शाखालाई छैन । २०७७ सालमा ४ जनाले कोभिड–१९ महामारीका कारण नेपालमै बसेर अनलाइन कक्षा लिइरहेका छन्। २०७७ सालमा फरेस्ट्री पढ्न १ जनाले सिफारिस पाएपनि चीन गएको वा नभएको शाखालाई जानकारी छैन। मानविकीमा २०७५ सालमा १ जनाले चीनमा छात्रवृत्ति पाए पनि चीन जान नपाएको र २०७६ मा छात्रवृत्ति पाएका १ जनाले अनलाइन कक्षा पढिरहेका छन् । साइन्स एन्ड टेक्नोजोली अध्ययन गर्न २०७५ सालमा ५ जना गएको शाखाले जनाएको छ । एग्रिकल्चरतर्फ २०७५ मा ५ जना छात्रवृत्तिमा चीन पढ्न गएका छन् । २०७६ मा २ जना, २०७७ मा २ जनाले कोभिड–१९ को कारण देखाएर चीन जान पाएनन् । उनीहरु नेपालबाटै अनलाइन कक्षा पढिरहेका छन्। २०७८ मा ४ जनाले सिफारिस पाएको तर उनीहरु सेप्टेम्बरभित्र भनिएको छ । एमडी/एमएसतर्फ ३ जना एमडीएसतर्फ १ जना एमपीएचतर्फ २ जना विद्यार्थीले कोभिडका कारण अनलाइनमार्फत कक्षा लिइरहेको शाखाको भनाइ छ । इजिप्टमा इस्लामिक भाषा पढ्नको लागि २०७४ सालमा १६ जना, २०७५ मा २० जनाले छात्रवृत्ति पाएका छन् । इजिप्टमा २०७५ सालमा एमडी/एमएस पढ्नको लागि १० जनाले, एमबीबीएसका लागि ३ जना, १ जनाले बीडीएसका र २०७६ मा लागि ३ जनाले एग्रिकल्चर ( बीएससी एजी) पढ्न गएका छन् ।

थाइल्यान्डमा वातावरण विषयमा स्नातकोत्तर अध्ययन गर्न २०७४ मा २ जनाले, श्रीलंकामा स्नातक तहमा सूचना प्रविधि विषय पढ्न २०७६ मा १ जनाले सिफारिस लिएका छन् । रुसमा एमबीबीएस अध्ययनका लागि २०७४ मा १ जना इन्जिनियरिङका लागि २०७६ मा १ जनाले सिफारिस लिएका छन् । सरकारी छात्रवृत्तिमा पढ्न गएका विद्यार्थीहरु नफर्कने अथवा उतै बस्ने सम्भावना भने कम रहेको शाखा उपसचिव हरि खनाल बताउँछन् । उनी भन्छन् ‘सरकारी छात्रवृत्तिमा विदेश पढ्न गएकाहरुको नफर्कने समस्या एकदम न्यून हुन्छ। हाम्रो ऐनले नै उनीहरु फर्केर प्रतिवेदन बुझाएपछि मात्र प्रमाणपत्र दिइने भएकोले फुत्किने सम्भावना हुँदैन ।’ यो पछिल्लो पाँच वर्षमा अध्ययन गर्न गएकाहरुको भर्खर फर्कने बेला भइरहेको खनालले बताए । इजिप्ट पढ्न गएकाहरु फर्कन थालेको र अन्य देशमा चिकित्सा शिक्षा पढ्न गएका विद्यार्थी पनि फर्कन थालेको उनले बताए । (साभार–अनलाइनखबर)

# १ अर्बको ऋणपत्र निष्कासन गर्दै महालक्ष्मी विकास बैंक, ११ प्रतिशत ब्याजदर

काठमाण्डौ, १६ साउन । महालक्ष्मी विकास बैंक लिमिटेडले १ अर्ब रुपैयाँ बरारबको ऋणपत्र निष्कासन गर्ने भएको छ । बैंकले प्रति ऋणपत्र अंकितमूल्य १००० रुपैयाँका दरले कुल १ अर्ब रुपैयाँ बराबरको १० लाख कित्ता ऋणपत्र निष्कासन गर्ने प्रक्रिया अगाडि बढाएको छ। दश वर्ष अवधिको ऋणपत्रको ११ प्रतिशत ब्याजदरमा निष्कासन गर्न लागेको हो। बैंकले ऋणपत्र निष्कासनका लागि एनआईसी एशिया क्यापिटल लिमिटेडलाई बिक्री प्रबन्धक नियुक्त गरेको छ । सोमबार ऋणपत्र निष्कासनका लागि महालक्ष्मी विकास र एनआईसी एसिया क्यापिटलबीच निष्कासन तथा बिक्री प्रबन्धक नियुक्ती गर्ने सम्झौता भएको छ। आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरेपछि बैंकले ऋणपत्र बिक्री गर्नेछ । उक्त ऋणपत्र मध्ये ६० करोड रुपैयाँ बराबरको ऋणपत्र व्यक्तिगत तवरबाट र ४० करोड बराबरको ऋणपत्र रकम सर्वसाधारण नेपालीहरुमा सार्वजनिक निष्कासनबाट बिक्री गर्ने जनाएको छ ।( साभार–अनलाइनखबर)

# सुशासनमा...............

प्रशासनिक संयन्त्रको क्षमता, लगनशीलता र अग्रगामी क्रियाशीलता आवश्यक हुन्छ । सरकारका कामकारबाहीको नियमित निगरानी गरी सुधारका कार्यलाई प्राथमिकतामा राख्नु जरुरी हुन्छ। यी पक्षहरू कमजोर हुनुका कारण सुशासनको अभियान गतिशील हुन सकेको छैन । राजनीतिक अस्थिरताका कारण सुशासनका नीति, योजना, कार्यक्रमहरूले निरन्तरता पाउन सकेको छैन। सार्वजनिक सेवाप्रवाहको सुधारको काम प्राथमिकतामा पर्न सकेको छैन ।

इमान्दार र स्वच्छ राजनीतिक नेतृत्वमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तारदायी बनाउनु पर्छ । यसो हुन सक्यो भने सुशासनको आधार मजबुत हुन सक्छ ।

पदमा रहँदा निश्चित व्यक्ति वा समूहलाई फाइदा हुनेगरी कर्मचारीलाई छली कानुनी प्रावधानमा संशोधन गर्ने गराउने र सोबापत अनुचित स्वार्थ प्राप्त गर्ने प्रवृत्ति बढेको छ । जनता र राष्ट्रको हितमा भन्दा समूह र आफ्ना गुटका लागि काम गर्ने संस्कार वृद्धि हुँदै गएको छ । स्थानीय तहसम्म विकास निर्माणको बजेट पकेट क्षेत्रमा लाने र आफ्ना भनिने गरेका व्यक्तिलाई ठेक्का दिई काम गराउने प्रवृत्ति बढेका कारण वित्तीय अनुशासन कायम हुन सकेको छैन । मिलेमतोमा अनियमित कार्य गर्ने गराउने, गलत कामको ढाकछोप गर्ने एवं संरक्षण गर्ने गरिएकाले संघीय तहदेखि स्थानीय तहसम्म राज्यको स्रोतको दुरुपयोग बढेको छ । यसबाट शासकप्रतिको आस्था र भरोसा कमजोर हुँदै गएको छ ।

लोकसेवा आयोगबाट सिफारिस भएकै आधारमा सम्बन्धित कार्यक्षेत्र वा कार्यालयको कार्य जिम्मेवारीका लागि कर्मचारी सक्षम हुन्छन् भन्न सकिँदैन । सम्बन्धित कार्यालयको कार्यप्रकृतिअनुरूप परिवर्तित सन्दर्भ अनुकूलको जिम्मेवारी निर्वाह गर्न सक्ने क्षमता विकास हुन नसकेको गुनासो छन्। बदलिँदै गएको परिस्थिति एवं प्रविधिको विकाससँगै कर्मचारीको कार्यशैली एवं व्यवहार सुधार हुन सकेको छैन । राजनीतिक नेतृत्वले नीतिगत कार्यमा भन्दा कर्मचारी प्रशासनको कार्यमा चासो राख्दा नियमसंगतका नियमित प्रशासनिक कार्यमा अवरोध छ । यसबाट कर्मचारी प्रशासनको उत्पादकत्व र प्रतिष्ठामा ह्रास आएको छ ।

दशकौं पुरानो प्रक्रियामुखी कार्य प्रणालीमा सुधार हुन नसकेका कारण सरकारी निकायबाट हुने कार्यको विकल्प खोज्न थालिएको छ । कर्मचारीका वृत्ति विकासका कार्यमा अवरोध भइरहँदा कार्य उत्प्रेरणामा कमी आएको छ। अध्यावधिक एवं आधारभूत कानुन समयमा बन्न नसक्दा कार्यमा ढिलासुस्ती, दोहोरोपना, अनिर्णय, अस्पष्ट र अन्योल कायमै छ । साथै प्रशासनिक संयन्त्रबीचको समन्वय नतिजामुखी हुन नसकेको, संघीय तहगत संगठनात्मक सहकार्य र समन्वय कमजोर भएको, मिलेमतोमा कानुन र पद्धतिको गलत व्याख्या गरी सेवाग्राही ठग्ने प्रवृत्ति बढेलगायत समस्या छन् ।

**सुशासनका चुनौतीहरू**

सार्वजनिक सेवा प्रवाहलाई सहज, सुपथ र गुणस्तरीय गराई सुशासनलाई व्यवहारमा अनुभूतियोग्य गराउने कार्य चुनौतीपूर्ण छ। संघीय तहदेखि स्थानीय तहसम्मका सरकार प्रमुखहरूले सुशासनलाई सरकारको मुख्य जिम्मेवारीका रूपमा स्वीकारी यसतर्फ अग्रसर हुनु अत्यावश्यक छ। सुशासनतर्फ राजनीतिक नेतृत्वले गरेको बेवास्ता र यसका कारण कर्मचारीतन्त्रले देखाएको निष्क्रियतालाई विश्लेषण गरी सुधारतर्फ उन्मुख हुनु चुनौतीपूर्ण छ ।

सक्षम, जिम्मेवार एवं परिवर्तनमुखी राजनीतिक नेतृत्व र उक्त नेतृत्वलाई सहयोग गर्ने सक्षम र अग्रसर कर्मचारीतन्त्र प्राप्त गर्नु पनि आवश्यक देखिन्छ । शासकीय स्वरूप अनुकूलको स्थानीय तहसम्मको प्रशासनिक पुनर्संरचना एवं कर्मचारी व्यवस्थापनका कार्यहरूलाई टुंग्याउन पनि बाँकी छ । तीनै तहका सरकारबीच कार्यात्मक अन्तरनिकायगत समन्वय कायम गर्नु र सरकारी सम्पत्ति एवं साधनस्रोतको उचित व्यवस्था गर्नु पनि चुनौतीका रूपमा छन् । सरकारी सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउन सबै राष्ट्रसेवक कर्मचारीको क्षमताको पूर्ण उपयोग हुने गरी संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी प्रशासकीय समन्वय कायम राख्न संरचनागत एवं नीतिगत व्यवस्थालाई सुनिश्चित गर्ने कार्यहरू पनि सुशासनका चुनौती हुन् ।

**सुशासनका लागि गर्नुपर्ने कार्यहरू**

सुशासनलाई व्यवहारमा प्रभावकारी बनाउन केन्द्रीय तहका राजनीतिक नेतृत्व बढी जिम्मेवार हुनु आवश्यक छ । सरकारका नीति, निर्णय, योजना र कार्यक्रमहरूको कार्यान्वयन गरी जनतालाई नजिकको सेवा केन्द्रवाट सरल र सहज सेवा प्रवाह गर्ने कार्यमा मुलुकको कार्यकारिणी संयन्त्र बढी सक्षम र सबल हुनुपर्छ । राजनीतिक सोच, व्यवहार र संस्कारमा सुधार गर्ने, जनताको सचेतना एवं सशक्तीकरण गर्ने, नीति तर्जुमा एवं कार्यक्रम कार्यान्वयनमा सरोकारवालाको सहभागिता वृद्धि गर्नेजस्ता कार्यमा अब ढिलो गर्नु हुन्न । अधिकार तल्लो तहमा विकेन्द्रीकरण गरी सार्वजनिक सेवालाई नजिकको केन्द्रबाट प्रवाह गर्ने कार्यलाई पनि प्राथमिकता दिनु आवश्यक देखिन्छ ।

सरकारका हरेक गतिविधिमा चासो राखी जनहितका कार्यमा सरकारलाई केन्द्रित गर्न जनचेतना एवं जनसहभागिता वृद्धि गर्नु पर्छ । सरकारी क्रियाकलापमा सरोकारवालाको सहभागिता वृद्धि गर्ने साथै सहजता र अनियमितता नियन्त्रणका लागि आवाज उठाउने काम मजबुत ढंगमा हुनु पर्छ । संघीयताअनुरूपको प्रशासनिक पुनर्संरचना एवं कर्मचारी व्यवस्थापनको कार्यलाई शिघ्र टुंग्याउनु जरुरी छ । प्रशासनिक संरचना र कर्मचारीको कार्य उत्प्रेरणाका आधारमा सुशासनका कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी गराउन सकिन्छ। त्यसैले यस सवाललाई ओझेलमा राख्नु हुँदैन ।

कार्यकारिणीबाट हुन सक्ने कुनै पनि प्रशासनिक अनियमित कार्यको अनुगमन, निगरानी एवं नियन्त्रणलाई प्रभावकारी गराउनु अर्को आवश्यकता हो । यसको जिम्मेवारीमा रहेका निकायहरूको कार्य स्वतन्त्रता र संस्थागत सुदृढीकरणको सुनिश्चितताका लागि सरकार जिम्मेवार हुनुपर्छ। सरकारको प्रमुख कार्यकारिणी प्रशासनिक संयन्त्र सुशासनका नीति, योजना, कार्यक्रमको कार्यान्वयन गर्ने कार्यमा निरन्तर अग्रसर हुनुपर्छ । सरकारका हरेक कार्यमा वित्तीय अनुशासन कायम गर्न सचेत र जिम्मेवार हुनुपर्छ । मिलेमतोमा हुने भ्रष्टाचार र अनियमित कार्यको निगरानी गर्ने र विरोधमा उठ्ने कार्यमा कर्मचारीतन्त्रको सक्रियता जरुरी छ । व्यक्तिगत स्वार्थभन्दा सांगठनिक स्वार्थलाई प्राथमिकता दिने, सेवामैत्री स्वभाव विकास गर्ने, पेसाप्रतिको व्यावसायिकता विकास गर्दै जाने, पारदर्शी र जवाफदेही हुने, सार्वजनिक प्रशासन परिवर्तनको मुख्य वाहकका रूपमा खडा हुनेजस्ता कार्यलाई प्राथमिकतामा राख्नुपर्छ। सरकार तथा कर्मचारीतन्त्रको कार्यगत भूमिकाको नियमित निगरानी, नियन्त्रण, खबरदारी र समन्वय एवं सहकार्यमा संवैधानिक निकाय, नागरिक समाज, सामुदायिक संस्थाहरूसमेत संलग्न भई सुधारमा आवाज उठाउने प्रवृत्ति विकास गर्नुपर्छ । यसबाट मुलुकको सुशासनलाई गति प्रदान गरी मुलुकको समग्र आर्थिक एवं सामाजिक समृद्धि हासिल गर्न सकिन्छ । (साभार–अन्नपूर्णपोष्ट)

# तरकारी खेतीले .......

सातवटा प्लास्टिक घर र बिउ वितरणमा सहयोगसमेत गरेको छ । हर्रेका अगुवा कृषक एवं तरकारी ब्लक सञ्चालन समितिका अध्यक्ष हेमन्त प्रकाश ओली हर्रे तरकारी खेतीका लागि हब बनेको दाबी गर्छन् । उनी भन्छन्, ‘आजभन्दा पाँच वर्ष अघिसम्म कमै मान्छेले तरकारी खेती गर्थे । कसैले आफ्नो आवश्यकता धान्नका लागि मात्रै तरकारी लगाउँथे । तर अहिले अधिकांशले व्यावसायिक तरकारी खेती गरेर प्रशस्त आम्दानी गरिरहेका छन् ।’

उनका अनुसार व्यावसायिक तरकारी खेतीबाट राम्रो आम्दानी हुन थालेपछि यहाँका बासिन्दा रोजगारीका लागि भारत तथा खाडी मुलुक जाने क्रम घट्न थालेको छ। समूहमा आबद्ध बाहेक अन्य किसानले पनि तरकारी खेती गर्छन् । यहाँ कसैले पनि तरकारी किनेर खानुपर्ने अवस्था नरहेको ओलीको भनाइ छ । ‘हर्रेको २ सय रोपनी जमिनमा तरकारी खेती हुन्छ,’ उनले भने, ‘यद्यपि यहाँ हिउँदमा पानीको समस्या हुन्छ । हिउँदमा पनि सिँचाइ भएको खण्डमा आर्थिक वृद्धिदर अझ बढ्ने थियो ।’

हर्रेमा कृषि सहजकर्ताका रूपमा काम गरिरहेकी अनिता ओली तरकारी खेतीले महिलाको दैनिकीमा परिवर्तन आएको बताउँछिन् । उनी कृषक मानबहादुरकी माइली छोरी हुन् । तरकारी खेतीतर्फ बुबाआमाको आकर्षणले कृषि पढेकी उनी सहजकर्ता भएर आफ्नै गाउँमा कार्यरत छिन् । उनी भन्छिन्, ‘पहिला त यहाँका महिलाले घरभान्साका लागि चाहिने खर्चका लागि पनि श्रीमानको भर पर्नुपर्थ्यो, अहिले हरेक महिला आत्मनिर्भर छन् । घरखर्चका लागि श्रीमानको भर पर्नुपर्ने बाध्यता अन्त्य भएको छ।’ हर्रे गाउँमा वार्षिक १० देखि १२ करोड रुपैयाँको तरकारी र अदुवा खेती हुने गरेको छ । अहिले यहाँको जग्गाको मूल्यसमेत ह्वात्तै बढिरहेको अनिता बताउँछिन् । कृषि विकास निर्देशनालयका निर्देशक एवं कृषि विज्ञ चित्रबहादुर रोकाया तरकारी खेतीले उत्पादन मात्र नभई स्वरोजगार सिर्जना गर्ने काम भइरहेको बताउँछन् ।

बजारीकरणका लागि छैन चिन्ता

हर्रे कर्णाली प्रदेशको प्रवेशद्वार हो । यहाँ उत्पादन भएको तरकारी बजारीकरणको लागि कुनै समस्या छैन। रत्न राजमार्गमा आवत–जावत गर्नेहरू हर्रेको तरकारी, अदुवा नलिई जाने सायद कमै होलान् । सानो बजार भए पनि त्यहाँका अधिकांश व्यापारीले तरकारी खरिदबिक्री गर्दछन् । प्रत्येक व्यापारीसँग आ–आफ्नै कृषक हुन्छन्। हर्रे बजारका तरकारी (होलसेल) व्यापारी टीकाराम बुढामगरसँग ८० जना कृषक छन् । विगत १२ वर्षदेखि व्यापार गर्दै आएका उनले तरकारी खरिद गरेर वार्षिक ४० देखि ५० लाखको कारोबार गर्ने गरेको सुनाए ।

हर्रेका व्यापारीले किसानबाट खरिद गरेको तरकारीमा प्रतिकेजी १० रुपैयाँ नाफा राखेर बिक्री गर्छन् । कृषकसमेत रहेका व्यापारी नैनसिंह खत्री वार्षिक ४० लाख भन्दा बढीको कारोबार गर्ने गरेको बताउँछन्। उनको पसलमा तरकारी ल्याउने कृषकको संख्या ४० जना छ। व्यापारीहरूका अनुसार हर्रेमा उत्पादन भएको तरकारी छिन्चु बजार, वीरेन्द्रनगर र लुम्बिनी प्रदेशको कोहलपुर–नेपालगन्जका मण्डीमा जाने गरेको छ ।

नुन, तेलबाहेक कुनै खाद्यान्न किन्दैनन् तोलीखोला गाउँवासी

भेरीगंगा नगरपालिका–५ मा विउरेनी तोलीखोला भन्ने एउटा सानो गाउँ छ। उक्त बस्तीमा ३० घरधुरी छन्। उनीहरू खेतीबाटै आत्मनिर्भर छन् । यहाँका कृषकले नुन र तेलबाहेक दाल, चामल, तरकारी जस्ता कुनै पनि खाद्यान्न किनेर खाँदैनन् । अहिलेको समयमा विशुद्ध अर्ग्यानिक खाद्यान्नमा निर्भर यो गाउँलाई अर्ग्यानिक गाउँ घोषणा गर्ने तयारी पनि भइरहेको छ । त्यसका लागि कृषि विकास निर्देशनालयले ०७८–७९ मा ३३ लाख रकम दिएको थियो। जसबाट १३ लाखको फलामे टनेल, अर्ग्यानिक सम्बन्धी विभिन्न तालिम सञ्चालन भएको अगुवा कृषक गोपालजङ्ग भण्डारीले बताए । ‘हामी परम्परागत गोठे मलमात्र प्रयोग गर्छौं,’ उनले भने, ‘धान, गहुँ, मकै र तरकारी सबैको खेती गर्छौं र यी सबैमा आत्मनिर्भर छौं।’ यो बस्तीमा सिँचाइको समस्या नभएकाले वर्षमा तीन बाली खेती हुन्छ । स्थानीय अमृता खड्का भन्छिन्, ‘अहिलेसम्म बजारको चामल खानुपरेको छैन । आफ्नै लोकल धान उत्पादन गरेर खान्छौं ।’

कुनै बेला तरकारी किन्ने बिजौरा गाउँ अहिले बेच्छ

पश्चिम सुर्खेतको चौकुने गाउँपालिका–४ स्थित बिजौरा गाउँ पनि तरकारी खेतीको हब बन्दै गएको छ। कुनै बेला यो गाउँवासी तरकारी किनेर खाने गर्दथे । अहिले तरकारीमा आत्मनिर्भर मात्रै होइन, महिलाको दैनिकी बदलिनुका साथै आम्दानी समेत गर्न थालेका छन् ।

कृषि विकास निर्देशनालयले ‘एक स्थानीय तह एक बाली कार्यक्रम’ सञ्चालनमा ल्याएसँगै महिलाहरू आत्मनिर्भर बनेका छन् भने रोजगारीका लागि कालापहाड जाने पुरुषहरू पनि तरकारी खेतीतर्फ उन्मुख भएका छन्। स्थानीय चम्फा बिसी अचेल प्रायः तरकारी खेतीमै व्यस्त हुन्छिन् । कुनै समय तरकारी किन्न बजार धाउने उनले अहिले एक सिजनमा ३०–४० हजारको तरकारी बेच्ने गरेको बताइन् । बिजौरा गाउँमा ३३ जना किसान छन् । पहिले यहाँका किसानले परम्परागत विधिबाट खेती गर्दै आएका थिए । निर्देशनालय र पालिकाले प्लास्टिक घर, बिउविजन, औषधि लगायत प्राविधिक सहयोग गरेपछि आधुनिक खेतीमार्फत उनीहरू आत्मनिर्भर बनेका हुन् । यहाँका ८० प्रतिशत महिला कृषिबाट आत्मनिर्भर छन् ।

१ हजार हेक्टर क्षेत्रफलबाट वार्षिक २५ करोड बढीको आम्दानी

कृषि विज्ञ एवं कृषि विकास निर्देशनालयका निर्देशक चित्रबहादुर रोकायाका अनुसार सुर्खेत जिल्लाभर एक हजार हेक्टर क्षेत्रफल जमिनमा तरकारी खेती हुने गरेको छ। जसबाट वार्षिक २५ करोडभन्दा बढी आम्दानी हुने गरेको उनले बताए ।

आर्थिक वर्ष ०७८–७९ मा निर्देशनालयबाट तरकारी प्रवर्द्धन कार्यक्रम अन्तर्गत तरकारी ब्लक विकास कार्यक्रम, एक स्थानीय तह, एक पकेट बाली कार्यक्रम र अन्य मागमा आधारित कार्यक्रम सञ्चालन भइरहेका छन् । उनले भने, ‘झण्डै एक सयभन्दा बढी सिँचाइ आयोजना सञ्चालन भइरहेका छन् । जसले गर्दा सिँचाइ क्षेत्र बढेर उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ ।’ उनले सुर्खेतको तरकारी दैलेख हुँदै कर्णालीका अन्य जिल्लामा पनि निर्यात हुने गरेको बताए। उनी भन्छन्, ‘करिब ६० प्रतिशत कृषियोग्य जमिन बाँझै छ । अहिले यहाँको उत्पादन बढाउन सिँचाइको विस्तार गर्ने, प्राङ्गारिक खेतीतर्फ पहल गर्ने, कृषकको क्षमता अभिवृद्धि गरेर आत्मनिर्भर बनाउने उद्देश्य छ।’ (साभार–रातोपाटी)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक



# अत्यधिक भीडले पर्साको प्रशासन कार्यालय अस्तव्यस्त

बीरगंज, १६ साउन ।

पर्साको जिल्ला प्रशासन कार्यालय हिजोआज दिनभर अस्तव्यस्त देखिन्छ । नागरिकता, राष्ट्रिय परिचयपत्र र विद्युतीय राहदानी (ई–पासपोर्ट) बनाउन आउने सेवाग्राहीले दिनभर लामो लाइन बस्दा पनि सेवा पाएका छैनन् । प्रशासन कार्यालय अस्तव्यस्त र भद्रगोल अवस्थाबारे कांग्रेसकी स्थानीय नेता तथा सिद्धार्थ इन्टरनेशनल कलेजकी निर्देशक सुष्मा द्विवेदीले ६ असारमा फेसबुकमा लामो स्टाटस लेखिन् ।




'राष्ट्रिय परिचय पत्र बनाउन ३ दिनदेखि बिहान र दिउँसो दिनमा २ पटक जाँदा अव्यवस्थित भीड देखेर फर्केको छु' उनले भनिन् । अव्यवस्थित भएका कारण आफूले राष्ट्रिय परिचयपत्र बनाउनसमेत नसकेको उनी बताउँछिन् । काखे बच्चा लिएर लाइन लागेका महिला र वृद्धवृद्धा भीडमा धक्का खाँदै उभिएको देख्दा दिक्क लागेको द्विवेदीले बताइन् । वीरगञ्ज महानगरपालिका–२ छपकैयाका डा. इन्तजार अलीको नागरिकता हराएपछि प्रतिलिपी निकाल्न प्रशासन कार्यालय गएका थिए । १० दिनसम्म काम नभएपछि उनले निगरानी दैनिकमा कार्यरत पत्रकार तानविर अन्सारीको सहयोग मागे । तानवीरले प्रमुख जिल्ला अधिकारी उमेश ढकालकै कार्यकक्षबाट सामाजिक सञ्जालमा भिडियो लाइभ गरेपछि १५ मिनेटमै काम भएको डा. अली बताउँछन् ।

जिल्ला प्रशासन कार्यालय नजिकका फोटोकपी पसलले विद्युतीय राहदानीको अनलाइन फारम भर्न २५ सयदेखि ५ हजारसम्म लिने गरेका छन् । साउन ५ गते वडा प्रहरी कार्यालय बिर्ताले ठगीमा संलग्नको आरोपमा ५ जनालाई पक्राउ गरेको छ । अभद्र व्यवहारमा मुद्दा चलाइएका उनीहरु ३/३ हजार रुपैयाँ धरौटीमा छुटेका छन् । पर्सामा जिल्ला प्रशासन कार्यालयसँगै इलाका प्रशासन कार्यालय सुपौलीबाट पनि नागरिकता वितरण हुने गरेको छ । तर पछिल्लो समय इलाका प्रशासन कार्यालयमा कर्मचारी नै बस्न नमान्दा सेवा प्रभावकारी हुन सकेको छैन । त्यसैले हिजोआज जिल्लाभरिका सर्वसाधारण सेवा लिन प्रशासन कार्यालयमा नै आउने गरेका छन् ।

वीरगञ्जका अगुवा मोहम्मद मेराजुल हवारी जिल्ला प्रशासन कार्यालयको सेवा प्रवाह ज्यादै कमजोर रहेको बताउँछन् । 'राष्ट्रिय परिचय पत्र आवेदन फर्म बाहिरबाट भरेर लिएर जाँदा फोटो खिच्ने काम बाँकी रहन्छ ।' उनले भने ' त्यसका लागि ३/४ घण्टा कुनुपर्छ । प्रशासनको सेवा प्रवाह झुर छ ।' ई–पासपोर्टको लागि प्रशासनमा 'सेटिङ' नै हुने गरेको दावी उनले गरे । 'सिडिओ कार्यालय बाहिर बसेका दलालहरुलाई धेरै पैसा दिने बित्तिकै एक हप्तामा काम हुन्छ', उनले भने 'होइन भने ई–पासपोर्टको फाराम भर्न नै एक महिना भन्दा बढी समय लाग्छ ।' तर सेवा प्रवाह व्यवस्थित हुन सकेको छैन । दैनिक ३ सय सेवाग्राहीलाई रित्तो हात फर्काउने गरेको स्वयं प्रशासन कार्यालयका अधिकारीहरु बताउँछन् ।

**पालिकाबाट फारम भराइने**

साउन १५ गते सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले सूचना प्रकाशित गरेर राष्ट्रिय परिचय पत्र र ई–पासपोर्टको अनलाइन फाराम स्थानीय तहबाटै भराउने व्यवस्था मिलाइएको जानकारी दिएका छन् । अब स्थानीय तहबाट फारम भराई बायोमेट्रिकका लागि मात्रै कार्यालयमा आउन सूचनामा भनिएको छ । सेवाग्राहीलाई त्यसै फर्काउनुपर्ने अवस्था आएपछि पालिकाबाटै राष्ट्रिय परिचयपत्र र ई–पासपोर्टको फाराम भर्ने व्यवस्था मिलाईएको सहायक प्रजिअ पौडेलले बताए । 'दैनिक २ सय जना भन्दा बढीलाई सेवा दिने क्षमता छैन । ४/५ सय जना सेवाग्राही आइपुग्छन्', उनले भने 'कहिले सक्कल नागरिकता नलिई आएका हुन्छन् । काम हुन नसकेपछि सेवाग्राहीले आएर दुःख मात्रै पाउँछन् । कहिले ठगिएको भनेर पनि सुनिन्छ । जनतालाई सहज होस भनेर राष्ट्रिय परिचयपत्र र ई–पासपोर्टको फाराम पालिकाबाटै निःशुल्क भर्ने व्यवस्था मिलाएका छौं ।'

**एमआईएस अपरेटर भन्छन् : कामको बोझ थपियो**

जिल्ला प्रशासन कार्यालय पर्साले राष्ट्रिय परिचयपत्र र ई–पासपोर्टको फारम भर्न सम्बन्धित पालिकाको एमआईएस अपरेटरलाई नै प्रयोग गर्ने नीति लिएको छ । प्रशासनले साउन १५ मा जारी गरेको सूचनामा उनीहरुको नाम र मोबाइल नम्बर समेत सार्वजनिक गरेको छ । तर कामको बोझ थपिने भन्दै असन्तुष्टि जनाएका छन् । जगरनाथपुर गाउँपालिकाका एमआइएस अपरेटर मुन्ना चौधरीले तत्काल राष्ट्रिय परिचयपत्र र ई–पासपोर्टको फाराम भर्न सक्ने अवस्थामा आफू नरहेको बताए । आफू सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ताको काममा व्यस्त रहेकोले दुईचार दिन अझै प्रशासनले भने जसरी सेवा दिन नसक्ने उनको भनाइ छ ।

ठोरी गाउँपालिकाका एमआइएस अपरेटर भीष्मराज खत्रीले जनशक्ति कम हुँदा सेवा प्रवाह गर्न समस्या हुने बताए । 'सामाजिक सुरक्षा भत्ताका लागि लाभग्राही नवीकरण गर्ने समय छ, भत्ता पाउने उमेर ६८ वर्ष गरिदिएकाले उमेर पुगेका लाभग्राहीको नाम पनि दर्ता गराउनुपर्ने हुन्छ', उनले भने 'वडामा प्राविधिक जनशक्ति नहुँदा व्यक्तिगत घटना दर्ता पनि पालिकाबाटै गर्नुपर्ने हुन्छ ।' (साभार–अनलाइनखबर)

## बारामा सबै ..........

फर्छ्योट गर्नु अहिले चुनौतीको विषय भएको छ । कर्मचारीहरूले प्रलोभन तथा नेताहरूको दबाबमा परी जथाभावी रकम निकास गरेपछि बेरुजू रकम बढ्दै गएको उपमहानगर स्रोतले जनाएको छ । महँगो सामान खरिद गरेको तर जिन्सी खातामा उल्लेख समेत नगरी सो सामान कसले प्रयोगमा ल्याइरहेको भन्ने यकिन नभएपछि सामान खरिद बराबरको रकम बेरुजू भएको देखिन्छ ।त्यस्तै, सामान खरिद नगरी भुक्तानी मात्र दिएको देखिएपछि सो रकम बेरुजू भएको हो । यसैगरी, कोभिडको समयमा जथाभावी भत्ता रकम भुक्तानी दिएकोले पनि बेरुजू रकम बढेको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै कलैया उपमहानगरपालिकाको बेरुजु १२ करोड ५६ लाख ५६ हजार , ,सिम्रौनगढ नगरपालिकाको १२ करोड १५ लाख ९२ हजार , पचरौता नगरपालिकाको बेरुजु ५ करोड ८ लाख ८४ हजार ,निजगढ नगरपालिकाको बेरुजु २३ करोड ६४ लाख ४३ हजार महागढीमाई नगरपालिकाको बेरुजु १० करोड ३८ लाख ५ हजार र कोल्हबी नगरपालिकाको बेरुजु ११ करोड ८६ लाख ५४ हजार रहेको छ ।

त्यस्तै सुर्वण गाउँपालिकाको बेरुजु रकम २ करोड ८७ लाख ३३ हजार ,प्रसौनी गाउँपालिकाको बेरुजु रकम ५ करोड ११ लाख ३५ हजार ,फेटा गाउँपालिकाको ७ करोड ३८ लाख ७१ हजार ,परवानीपुर गाउँपालिकाको बेरुजु रकम १ करोड ७१ लाख ९६ हजार ,करैयामाई गाउँपालिकाको बेरुजु रकम ५ करोड ७४ लाख ४ हजार ,देवताल गाउँपालिकाको बेरुजु रकम ३ करोड ५५ लाख ४५ हजार ,बिश्रामपुर गाउँपालिकाको बेरुजु रकम ३ करोड १५ लाख १९ हजार ,बारागढी गाउँपालिकाको बेरुजु २ करोड ७५ लाख ६ हजार र आदर्श कोट्वाल गाउँपालिकाको बेरुजु रकम २ करोड ५३ लाख ९२ हजार रहेको छ ।

## कलैयाको ................

हुने गरेको साथै आवत जावतमा कठीनाइ हुदै आएकोले बजार कुरुप हुदै आएको छ । उक्त बजारलाई ब्यवस्थित गराउन कलैया उपमहानगर पालकिा का मेयर बनिद साह सोमवार बजार घुम्दै तरकारी ब्यवसायीहरुलाई यथा सघ्रि झाफरी, पलास्टीक हटाउने तथा आ आफना दुकान वरीपरी सफासुघर राखने सुझाव दिनु भएको छ । बारा जिल्लाको सबै भन्दा पुरानो र ब्यवस्थीत बजार कुरुपहुदै गएकोमा मेयर साह को ध्यान आकर्षण भएको स्थानियहरुले बताएका छन् ।

## बारामा असमाजिक......

गाउँपालिकाको वडा नम्बर २ का वडा अध्यक्ष नरेश पटेलले घटनामा संलग्न दोषीलाई यथाशिघ्र पत्ता लगाई कारवाही गर्नुपर्ने माँग समेत गरे । उनले, समाजमा अशान्ति मचाउँन र सम्प्रदायिक दंगा फैलाउँने उदेश्यले मन्दीरमा तोडफोड गरेको हुन सक्ने भएकोले प्रहरीले निश्पक्ष रुपमा छानविन गरी दोषीलाई कडा भन्दा कडा कारवाही र क्षतिपुर्ती पुरा गर्न माँग समेत गरे ।

यता बाराका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरिक्षक राजेश थापले घटनालाई गम्भिरता पूर्वक लिई अनुसन्धान गर्ने काम भईरहेको बताए । घटनामा संलग्न रहेको आशंकामा एकजना व्यक्तिलाई पक्राउ गरी अनुसन्धान गर्ने काम गरीरहेको बताए । उनले भने, रातीको घटना हो, मन्दीर बाहिर केहि क्षति पुर्‍याएको छ ।

घटना स्थलमा रगत समेत खसेको देखिएकोले तालिम प्राप्त कुकुरलाई परिचालन गरी अनुसन्धान गर्ने काम गरेका छौ, प्रहरी नायब उपरिक्षक थापाले, मन्दीरमा तोडफोड गर्नेलाई कुनैपनि हालतमा छोडने काम हुदैन, प्रचलित कानुन बमोजिक कारवाही हुने छ । समाजमा अशान्ति सचाउँनेलाई कानुनी दायरामा ल्याएर नै छाड्ने बारा प्रहरी प्रतिबद्ध समेत रहेको उनले बताए ।

## बारा, पर्सामा ........

खेती खर्चिलो भएको ज्ञान केन्द्रका बाली विकास अधिकृत एवम् सूचना अधिकारी राजनारायण साहले जानकारी दिनुभयो । आकाशे पानीको भरमा धान रोपाई गर्नु पर्ने बाध्यता रहेको बाराको ग्रामीण क्षेत्रमा साउनको पहिलो सातामा समेत पर्याप्त पानी नपरेपछि किसान चिन्तित भएका थिए ।

यसैगरी पर्सामा पनि साउनको पहिलो साता देखि पानी पर्न थालेपछि ९५ प्रतिशत क्षेत्रमा धान रोपाई सम्पन्न भएको कृषि ज्ञान केन्द्र पर्साका जितेन्द्र यादवले जानकारी दिनुभयो । पर्सामा यस बर्ष ३८ हजार हेक्टरमा धान रोपाई सम्पन्न भई सकेको यादवले बताउनु भयो ।

## एकैदिन ८९५ ...........

९३४ रहेको छ । संक्रमितमध्ये काठमाडौंमा ३७३, ललितपुरमा ६६, कैलालीमा २२ जना छन् । मन्त्रालयका अनुसार ४ हजार ७९२ जना होम आइसोलेसनमा रहेका छन् भने १४२ जना संस्थागत आइसोलेसन र ३६ जना आईसीयूमा छन् । यस्तै ५ जनाको भेन्टिलेरमा राखेर उपचार भइरहेको मन्त्रालयले जनाएको छ । सोमबार थपिएसँगै नेपालमा कोरोना संक्रमितको कुल संख्या ११ लाख ३० हजार १२४ पुगेको छ । (साभार–अनलाइनखबर)

**प्रसौनी गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी**

- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौं ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिंक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।
- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई–सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर–आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।

**पचरौता नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी**

- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई–सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर–आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।
- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौं ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिंक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।

# बर्दिवासमा लागेको आगो नियन्त्रणमा, ९० लाखको क्षति

जनकपुरधाम, १६ साउन ।

महोत्तरीको बर्दिवास नगरपालिका–१ स्थित बजार क्षेत्रमा लागेको आगो नियन्त्रणमा आएको छ । सोमबार दिउँसो सिद्धार्थ बैंक रहेको भवनको माथिल्लो तल्लामा विद्युत सर्ट भएर आगलागी भएको हो । तेस्रो तल्लामा स्थानीय अभिषेक झाले सञ्चालन गरेको ३६५ फिटनेस जिम सेन्टरमा विद्युत सर्ट भएर आगलागी भएको इलाका प्रहरी कार्यालय बर्दिवासका डीएसपी रवि रावलले जानकारी दिए । उनका अनुसार दिउँसो २:१५ बजे लागेको आगो स्थानीय बासिन्दा, नेपाल तथा सशस्त्र प्रहरी र बारुणयन्त्रको सहयोगमा २:५० बजे पूर्ण रुपमा नियन्त्रणमा लिइएको छ । आगलागीले फिटनेस जिम सेन्टरमा प्रयोग भएको ट्रस, जिमको सामग्री जल्दा ९० लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । (अनलाइनखबर)




**व्यक्तिगत घटना दर्ता समय मै गर**

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

**व्यक्तिगत घटना दर्ता समय मै गरौं**

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

**व्यक्तिगत घटना दर्ता समय मै गरौं**

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा